# आ.व. २०७८/०७९ को नीति तथा कार्यक्रम

अब म आ.व. २०७८/०७९ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न गइरहेको छु।

आदरणीय उपप्रमुख एवम् नगर सभाका सदस्यज्यूहरु,

एकातिर कोरोना संक्रमणको महामारीबाट आक्रान्त भएको र अर्को तर्फ प्राकृतिक विपत्तिको यस विषम परिस्थितिमा आज यस मेलम्ची नगरपालिकाको नवौं नगर सभामा आ.व. २०७८/०७९ को नीति तथा कार्यक्रम प्रस्तुत गर्दैछु। विपद् व्यवस्थापन आर्थिक विकास, सामाजिक विकास, पूर्वाधार विकास, लगायतका क्षेत्रहरुलाई उच्च प्राथमिकता दिई नगरबासीहरुको जनजीवन सहज बनाउने तर्फ केन्द्रित भई नगरका नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्न गैरहेको छु।

**आदरणीय उपप्रमुखज्यू एवं नगर सभाका सदस्यज्यूहरु,**

१. मेलम्ची बाढी पिडीत तथा प्रभावितहरुको पुनर्स्थापना तथा पुनर्निर्माणको लागि स्थापना भएको कोषमा नगरपालिकाको तर्फबाट प्रारम्भिक रुपमा रु ५० लाख जम्मा गरिएको र नगरपालिकाबाट बाढी डुबान क्षेत्रमा क्रमागत रुपमा संचालन भई आएको आयोजनाहरुको लागि छुट्याईएको रकम जम्मा गरी कोषलाई मजबुत बनाईनेछ। साथै यस कार्यको लागि संघीय सरकार, प्रदेश सरकार, अन्य स्थानीय तहरुका साथै शुभेच्छुक दाताहरुबाट प्राप्त रकमको सदुपयोग गर्दै बाढीबाट प्रभावित संरचनाहरुको पुनर्निर्माण तथा पुनर्स्थापनाको कार्यलाई पहिलो प्राथमिकता दिदैं कार्य अघि बढाइनेछ।

२. मेलम्ची बाढीबाट मुख्य सडक संजालसँग टाँढिएका यस नगरपालिकाका शिखरपुर, ज्यामिरे, दुवाचौर सहित पाँचपोखरी थाङ्पाल गाउँपालिका, इन्द्रावती गाउँपालिका र हेलम्बु गाउँपालिकासँग सडक संजालमा जोडिन अत्यावश्यक पक्की पुल निर्माणको लागि संघीय सरकार र प्रदेश सरकारसँग यथासक्य समन्वय गरिनेछ।

३. "आफ्नो गाउँ आफै बनाउँ" विशेष कार्यक्रमलाइ निरन्तरता दिइ सबै वडाहरुमा विस्तार गरिनेछ।

४. नेपालको संविधान र स्थानीय सरकार संचालन ऐनले निर्दिष्ट गरेका काम, कर्तव्य र अधिकार क्षेत्रलाई दृष्टिगत गरी यस नगरपालिकाले निर्माण गरेको आर्थिक ऐनको आधारमा संघ तथा प्रदेश सरकार एवम् जिल्ला समन्वय समितिसँग आवश्यक समन्वय गरी प्रचलित ऐन कानून तथा संघीय र प्रदेश सरकारद्वारा जारी गरिएका नीति, मार्गदर्शन र कार्यविधि बमोजिम राजश्व संकलनलाई व्यवस्थित गरी नगरपालिकाको राजश्व अभिवृद्धि गरिनेछ।

५. नगरपालिकाबाट लिइने कर एवम् अन्य सेवा शुल्क निर्धारण गर्दा सामाजिक न्यायको सिद्धान्तलाई आत्मसात गरी लक्षित वर्गलाई सहुलियत दिने गरी निर्धारण गरिनेछ। स्थानीय उद्योग तथा व्यवसाय प्रवर्द्धन र रोजगारी सिर्जनामा टेवा पुर्याउने करदाताहरुलाई करदाता मैत्री प्रगतिशिल कर लागू गरिनेछ।

६. **"कर भार होइन, नगर समृद्धिको आधार हो"** भन्ने चेतना जागरण गराउन करदाताहरुका लागि राजश्व सचेतना अभियान र करदाता शिक्षा कार्यक्रमहरु सञ्चालन गरी उत्कृष्ट करदाताहरुलाई सम्मान तथा पुरस्कृत गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

७. नगरपालिका तथा वडा कार्यालयबाट प्रदान गरिने सबै प्रकारका सेवाहरुलाई राजस्व संकलनसंग जोडिनेछ।

८. संघीय तथा प्रदेश सरकारबाट प्राप्त मार्गदर्शन र नगरको आन्तरिक आयस्रोत समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधारहरु तय गरिनेछ ।

९. नगरको आर्थिक समृद्धिका लागि सार्वजनिक, निजी र सहकारी क्षेत्रको साझेदारी र सहभागितामा उद्योग, व्यापार एवम् पर्यटनलाई प्रवर्धन गर्ने कार्यक्रमहरु अगाडि बढाइनेछ ।

१०. आपूर्ति व्यवस्थालाई सरल, सुलभ र सहज बनाउन तथा असहज मूल्य वृद्धि नियन्त्रणको लागि बजार अनुगमन कार्यलाई प्रभावकारी बनाइनेछ ।

११. कोभिड–१९ तथा मेलम्ची र ईन्द्रावती नदीमा आएको बाढी पहिरोको कारण प्रभावित उद्योग व्यवसायको पुनर्सञ्चालन गर्न पहल गरिनेछ । साथै पूर्ण रुपमा क्षति भएका उद्योग व्यवसायको नवीकरणमा छुट दिइनेछ साथै बाढी, पहिरो तथा प्राकृतिक प्रकोपबाट क्षति भएका र उच्च जोखिममा रहेका व्यक्ति तथा संस्थाहरुको स्वामित्वमा रहेका जग्गा जमिन र घर संरचनामा लाग्ने राजश्व एकिन गरी सहुलिय, छुट र मिनाह दिने नीति लिइनेछ ।

१२. बाढीबाट प्रभावित व्यक्तिहरुलाई सम्बन्धित घरधनीले ३ महिनासम्मको घरभाडा छुट गरेमा सोही आ.व. मा तिर्नुपर्ने सबै बहाल कर छुट गरिनेछ ।

१३. मध्य पहाडी लोकमार्गसँग जोडिएको मेलम्ची नगरपालिकाको बाहुनेपाटी बजार क्षेत्रलाई व्यापारिक क्षेत्रको रुपमा र मेलम्ची बजारलाई प्रशासनिक क्षेत्रको रुपमा विकास गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

१४. नगरको समग्र विकासको लागि संघ, प्रदेश र नगरपालिकासंग सिमाना जोडिएका अन्य नगरपालिका तथा गाउँपालिकाहरुसंग आवश्यक समन्वय र सहकार्य गरी साझेदारीका कार्यक्रमहरु संचालन गरिनेछ ।

१५. निर्माण, उत्पादनमुलक, स्थानीय कच्चापदार्थ प्रयोग हुने उद्योग तथा कलकारखाना एवम् अन्य सेवा क्षेत्रमा रोजगारीका अवसर सिर्जना गरिनेछ ।

१६. नगरको स्थानीय आवश्यकताका आधारमा कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना संचालन गरी प्रधानमन्त्री रोजगार कार्यक्रमलाई प्रभावकारी बनाइनेछ ।

१७. नगरभित्र संचालन हुने विकास निर्माणका कार्यमा संलग्न हुने महिला र पुरुषलाई "समान कार्यको लागि समान ज्याला" दिने व्यवस्था मिलाइनेछ ।

**आदरणीय उपप्रमुखज्यू एवं नगर सभाका सदस्यज्यूहरु,**

१८. नगरपालिकाको गौरवको आयोजनका रुपमा अघि बढाइएका अधिकांश आयोजनाहरु मेलम्ची र इन्द्रावती नदीमा आएको बाढीले क्षतविक्षत बनाएकोमा विध्वंश पश्चातको पुनर्निमाणमा जोड दिई विकास निर्माणका कार्यलाई अगाडि बढाइनेछ।

१९. नगरको पर्यटन बिकासका लागि एकीकृत नगर विकास गुरुयोजना तयार गर्दा पर्यटन गुरुयोजनामा समावेश गरिएका क्षेत्रहरु जस्तैः धुसेनी, धौले, गुफा चाँखु, हैवुङ्ग, भोटेचौर, ककनी, थानाभञ्ज्याङ्गगढी लगायत नगरका अन्य क्षेत्रहरुमा पिक्निक स्पट, पार्क, होम स्टे, जैविक पार्क लगायतको निर्माण कार्यलाई निरन्तरता दिईनेछ।

२०. नगरको पर्यटन विकासको लागि कला, संस्कृति, साहित्य, मठ, मन्दिर र गुम्बाको संरक्षण, संम्बर्द्धन तथा प्रबर्द्धनमा जोड दिइनेछ।

**आदरणीय उपप्रमुखज्यू एवं नगर सभाका सदस्यज्यूहरु,**

२१. कृषि तथा पशु विकासका लागि एकिकृत सेवा केन्द्र मार्फत कृषकहरुलाई थप सेवा पुर्याउने नीति लिइनेछ।

२२. निर्वाहमुखी कृषि प्रणालीलाई व्यवसायीकरण गरी नगरलाई तरकारी, खाद्यान्न, दुग्ध र मासुजन्य पदार्थमा आत्मनिर्भर बनाउन आवश्यक कार्यक्रम संचालन गरिनेछ। साथै मेलम्ची नगरपालिका भित्र तरकारी, फलफुल तथा नगदेबाली उत्पादनको पकेटक्षेत्र निर्धारण गरी विशेष कार्यक्रम सञ्चालन गरिनेछ।

२३. "म खान्छु मैले उत्पादन गरेको तरकारी र खाद्यान्न" भन्ने अभियान चलाई बाझो जमिनमा तरकारी र खाद्यान्न उत्पादन गर्न व्यक्ति तथा कृषि सहकारी संस्था मार्फत सामुहिक कृषि खेती गर्न प्रोत्साहन गर्नका लागि विदेशबाट फर्की कृषि पेशामा संलग्न रहेका कृषकहरुको आयस्तर वृद्धि गर्न लागत साझेदारी गर्ने नीतिलाई निरन्तरता दिइनेछ।

२४. कृषि क्षेत्रको उत्पादन वृद्धि गर्नका लागि आवश्यकता अनुसार साना सिंचाई तथा थोपा सिंचाईको व्यवस्था, खेतीयोग्य जमिनको माटो परीक्षण गरी निशुल्क रुपमा कृषि चुन वितरण, कृषि तथा बहुउदेश्यीय सहकारी संस्था मार्फत अनुदानको रासायनिक मल बिक्री वितरणको उचित व्यवस्था गरिनेछ।

२५. नगरका मुख्य बजारहरुमा कृषि उपज संकलन केन्द्र निर्माण गरी क्रमश: स्तरवृद्धि गर्दै लगिनेछ।

२६. बालीनालीमा देखा पर्ने विभिन्न प्रकारका रोग तथा किराहरुको नियन्त्रणको लागि आकस्मिक बाली संरक्षण कार्यक्रम संचालन गरी कृषककै खेतबारीमा पुगी सेवा प्रदान गर्ने व्यवस्था मिलाइनेछ।

२७. कृषकहरुको लागि आवश्यक पर्ने रासायनिक बिषादी अनुदानमा र जैविक विषादी तथा फेरोमेनहरु निशुल्क वितरण गर्ने व्यवस्था मिलाईनेछ ।

२८. बैमौसमी तरकारी उत्पादनको लागि लागत साझेदारीमा थोपा सिचाइ, प्लाष्टिक मल्चिङ, फलामको फ्रेम सहितको प्लाष्टिक टनेल निर्माण गरी सम्बन्धित कृषकहरुलाई उपलब्ध गराइनेछ।

२९. सुनौला १००० दिनका आमाहरुको पोषण सुधारको लागि निशुल्क रुपमा तरकारीको बिउ वितरण गर्ने व्यवस्था मिलाइनेछ।

३०. संघिय सरकारले अघि सारेको फलफूल दशक कार्यक्रमको प्रभावकारी कार्यन्वयनको लागि आवश्यक बजेट ब्यवस्था गरिनेछ।

३१. पुरानो बगैंचा ब्यवस्थापनका लागि आवश्यक कृषि समाग्रीहरु अनुदानमा उपलब्ध गराउँने व्यवस्था मिलाइनेछ।

३२. बाँदर, बदेल तथा अन्य वन्यजन्तुले कम क्षती गर्ने बालीहरुको प्रवर्द्धनको लागि आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ।

३३. बासमती धान तथा अन्य रैथाने बाली संरक्षण तथा प्रवर्द्धन गर्नुको साथै कृषकहरुले लगाउँने रैथाने बाली दर्ता गरी सोको अभिलेख राख्ने व्यवस्था मिलाइनेछ।

३४. कृषकहरुलाई घरदैलो तथा खेतबारीमै पुगी सेवा प्रदान गर्न संघीय एवम् प्रदेश सरकारसँग आवश्यक समन्वय गरी एक वडा एक कृषि तथा पशु प्राविधिक व्यवस्था गर्न आवश्यक पहल गरिनेछ।

३५. कृषि बिमाको दायरालाई विस्तार गर्दै अनुदान लिने लाभग्राही कृषकहरुलाई कृषि बिमा अनिवार्य गरिनेछ।

३६. निर्वाहमुखी कृषि प्रणालीलाई व्यवसायीकरण गरी नगरको आर्थिक समृद्धिको लागि दुग्ध तथा दुग्धजन्य पदार्थको निर्यात बढाउन र मासुतथाअण्डा उत्पादनमा आत्मनिर्भर बनाउन आवश्यक कार्यक्रम संचालन गरिनेछ।

३७. नगरपालिका भित्र खसी तथा बोकाको मासु उत्पादनमा वृद्धि गर्न बाख्राको साना ब्यवसायिक कृषि उत्पादन केन्द्र पकेट विकास कार्यक्रमलाई निरन्तरता दिइनेछ। साथै बाख्राको नयाँ पकेट क्षेत्र निर्धारण गरी विशेष कार्यक्रम सञ्चालन गरिनेछ।

३८. पशु नश्ल सुधारका लागि कृत्रिम गर्भाधान सेवालाई प्रभावकारी ढंगबाट कार्यान्वयन गर्न सहकारी र नीजि क्षेत्रको समेत सहभागी गराइनेछ।

३९. पशु पोषणको स्तर वृद्धि गर्नका लागि घाँस उत्पादन तथा घाँस खेती सम्वन्धी आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ। साथै पोषण वृद्धि गर्नको लागि पशु आहारा मिसन कार्यक्रम तथा हिउँदे तथा वर्षे घाँसका बिउ तथा बिरुवा वितरण कार्यक्रम सञ्चालन गरिनेछ।

४०. पशुपन्छीकोबजार प्रवर्द्धनका लागि आवश्यकता अनुसार थप चिस्यान केन्द्रहरु स्थापना गरिनेछ।

४१. पशु बिमाको दायरालाई विस्तार गर्दै अनुदान लिने लाभग्राही कृषकहरुले पालन गरेको पशुको बिमा अनिवार्य गर्ने नीति लिइनेछ। पशु बिमामा सम्बन्धित कृषकले बेहोर्ने रकमको ५० प्रतिशत रकम अनुदान दिई पशु बिमाको दायरा विस्तार गरिनेछ।

४२. नगरपालिका भित्र रहेका पशुलाई सुत्केरी प्रोत्साहन भत्ता उपलब्ध गराउने कार्यक्रमलाई निरन्तरता दिइनेछ।

४३. पशुपालनमा आधुनिक प्रविधिको विकासको लागि वास्तविक किसानको पहिचान गरी यन्त्र उपकरण खरिदमा अनुदान दिने कार्यक्रम सञ्चालन गरिनेछ ।

४४. व्यवसायिक पशुपालनलाई प्रोत्साहन गर्न पशुपालक कृषकहरुलाई गोठ तथा खोर सुधारका लागि सहयोग गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

४५. मेलम्ची नगरपालिका क्षेत्र भित्र रहेका छाडा चौपाया व्यवस्थापन गर्न आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ ।

४६. १००० दिनका आमाहरुको पोषणस्तर वृद्धि गर्न कुखुराको चल्ला वितरण कार्यक्रम संचालन गरिनेछ ।

**आदरणीय उपप्रमुखज्यू एवं नगर सभाका सदस्यज्यूहरु,**

४७. संघीय सरकारले निर्माण गरेको सहकारी सूचना ब्यवस्थापन प्रणालीलाई सबै सहकारी संस्थाहरुमा लागू गरी कार्यन्वयन गरिनेछ । नगर भित्रका सहकारी संस्थाहरुको विद्युतीय अभिलेखिकरण गरी प्रविधिमैत्री बनाउन प्रोत्साहन गरिनेछ ।

४८. सहकारी संस्थालाई आर्थिक विकासको संवाहकको रुपमा विकास गरी आय आर्जनको माध्यमद्धारा आम नागरिकको जीवनस्तर परिवर्तनको लागि सहकारी संस्थाको भूमिकालाई प्रवर्द्धन गरिनेछ ।संघीय र प्रादेशिक नीति अनुरूप सहकारी संस्थाहरुलाई ब्यवसायिक बनाइनेछ ।सहकारी संस्थाको माध्यमद्धारा कृषिमा आधुनिकीकरण, विविधीकरण, बजारीकरण गर्नका लागि सहकारी संस्थाहरुलाई प्रोत्साहनको व्यवस्था गरिनेछ ।

४९. उद्देश्य, कार्य क्षेत्र र प्रकृतिको आधारमा सहकारी संस्थाहरुको एकीकरण अभियान सञ्चालन गरी सहकारी संस्थाहरुको संस्थागत क्षमता अभिवृद्धि गरिनेछ ।

५०. नगरपालिका क्षेत्र भित्र रहेका प्रत्येक कृषि सहकारी संस्थालाई एक कृषि उपज उत्पादनको रुपमा पहिचान बनाउने नीति लिइनेछ ।सहकारी संघसंस्थालाई स्थानीय कच्चा पदार्थमा आधारित घरेलु तथा साना उद्योगको प्रवर्द्धन, स्थानीय उत्पादनको भण्डारण, प्रशोधन, प्याकेजिङ्ग र बजारीकरणको लागि प्रोत्साहन गरिनेछ ।

५१. यस नगरपालिकाको वडा नं. ९ र १० मा गरिवी निवारण कोषद्धारा प्रवर्द्धित १९ वटा सामुदायिक संस्थाको विवरण अध्यावधिक गरी सामुदायिक संस्थाले परिचालन गरेको घुम्ती कोषलाई बीउ पुँजिको प्रयोगगर्न आवश्यक सहयोग, सहजीकरण गरी स्थानीयस्तरमा आर्थिक गतिविधि सञ्चालन गर्न संघीय सरकारको नीति अनुरुप सहकारी प्रणालीमा रुपान्तरण गरिनेछ ।

५२. भुमिको चक्लाबन्दीलाई प्रोत्साहन गरी ब्यवसायिक खेती गर्न कृषि सहकारी संस्थाका सदस्यहरुलाई एकै प्रकारको बाली लगाउन प्रोत्साहित गरिनेछ । सहकारी संस्था मार्फत उत्पादन बृद्धि, प्रशोधन, संकलन, तथा बजारीकरणको कार्यलाई प्रभावकारी रुपमा कार्यन्वयनका लागि आवश्यक व्यवस्था मिलाइनेछ ।

५३. वित्तीय पहुँच विस्तार, सामाजिक एवं आर्थिक सशक्तिकरण र उत्पादनशील क्षेत्रमा सहकारी संघसंस्थालाई परिचालन गरिनेछ ।भूमिहिन, सुकुम्वासी, दलित एवं पिछडिएका वर्ग र समुदायलाई सहकारी संस्थामा आवद्ध गरी उद्यमशिलता विकासका कार्यक्रम सञ्चालन गरिनेछ।

५४. सहकारी संघसंस्थालाई कृषि बजार केन्द्र स्थापना गर्न आवश्यक सहजिकरण र समन्वय गरिनेछ। कृषि सामग्री भण्डारण गर्न साविकका साझा सहकारी संस्थाका गोदाम मर्मत गर्न स्थानीय तहलाई प्रदान गरिएको सशर्त अनुदानलाई पुर्ण रुपमा कार्यान्वयन गरिनेछ।

५५. नगरपालिकाभित्रका मुख्य वजार क्षेत्रमा कम्तिमा एक बैंक शाखा स्थापनाको लागि आवश्यक सहजिकरण तथा समन्वय गरी वित्तीय सेवामा सबै नगरवासीको पहुँच सुनिश्चितता गर्दै नगरवासीहरुलाई बैङ्क मार्फत कारोवार गर्न प्रोत्साहन गरिनेछ।

५६. नगरपालिका अन्तर्गत निश्क्रिय रहेका सहकारी संस्थाहरुलाई नियमानुसार लेखा परीक्षण र साधारण सभा गरी गराई कारोबार संचालन गर्न निर्देशन गरिनेछ । विगत दुई आर्थिक वर्षदेखि लेखा परीक्षण एवम् साधारण सभा नगराई निष्क्रिय रहेका सहकारीहरुलाई खारेजीका लागि आवश्यक प्रक्रिया अगाडि बढाइनेछ।

**आदरणीय उपप्रमुखज्यू एवं नगर सभाका सदस्यज्यूहरु,**

५७. नगरपालिकाको एकीकृत गुरुयोजना अनुरुप पूर्वाधार विकासमा जोड दिई नगरपालिकालाई समृद्धिको दिशातर्फ अगाडि बढाउने नीतिलाई निरन्तरता दिइनेछ।

५८. नगरका प्रत्येक वडा कार्यालयसम्म बाहै महिना सहज रुपमा यातायात संचालन हुने गरी सडक स्तरोन्नती गर्ने तथा नगर चक्रपथ निर्माण कार्यलाइ निरन्तरता दिइनेछ।

५९. नगरका मूख्य बजार केन्द्रहरुमा WASH सहितको सार्वजनिक शौचालय र प्रतिक्षालय एवम् ग्रामीण क्षेत्रमा एक वडा एक सामुदायिक भवन निर्माण कार्यलाई निरन्तरता दिइनेछ।

६०. सडक विस्तार तथा स्तरोन्नतीको क्रममा आवश्यकता अनुसार नाली, कजवे, ह्युमपाइप, कल्भर्ट, मेशिनरी वाल, ग्याविन वाल, पक्की पुल निर्माण कार्यलाई प्राथमिकताका साथ अघि बढाइनेछ।

६१. ठूला नदी नियन्त्रण र नदी किनारा संरक्षणका लागि वातावरणीय सम्भाव्यताको अध्ययन गराई नदी किनारामा करिडोर निर्माण गर्ने नीतिलाई निरन्तरता दिइनेछ।

६२. बालबालिकाको खेलकुद तथा मनोरञ्जनका लागि एक वडा एक बाल उद्यान तथा खेल मैदान निर्माण गर्ने नीतिलाई निरन्तरता दिइनेछ।

६३. वडाका प्रशासनिक भवन, स्वास्थ्य चौकी, सामुदायिक विद्यायहरुमा सूचना प्रविधिको पहुँच पुर्याउन आवश्यक पूर्वाधारको विकास गरिनेछ।

६४. नगरपालिका अन्तर्गत निर्माण गरिने सरकारी संरचनाहरु वातावरण र अपाङ्गतामैत्री बनाउने नीतिलाई निरन्तरता दिईनेछ।

६५. नगरपालिका घोषणा पूर्व निर्माण भएका सबै घरहरुको अभिलेखिकरण गर्ने नीतिलाई निरन्तरता दिइनेछ। साथै नगरपालिकाबाट स्वीकृति नलिई मापदण्ड विपरित घर वनाउने तथा तला थप्ने व्यक्तिलाई प्रचलित कानून बमोजिम दण्ड, जरिवाना गर्ने नीति लिइनेछ।

६६. विनाशकारी भूकम्पबाट भएको क्षतिको पुनर्निर्माणको बाँकी कार्यलाई यथासक्य चाँडो सम्पन्न गर्न आवश्यक पहल गरिनेछ।

६७. प्रत्येक घरधुरीमा खानेपानीको पहुँच पुर्याउन "एक घर एक धारा" निर्माण गरी स्वच्छ पिउने पानीको व्यवस्था गर्नुको साथै खानेपानी सेवाको प्रभावकारितालाई अभिवृद्धि गर्न प्राकृतिक श्रोतहरुको संरक्षण गर्ने नीतिलाई निरन्तरता दिईनेछ।

६८. भौतिक पूर्वाधार विकासमा सहयोग पुर्याउँन नगर क्षेत्रमा संचालित विकास निर्माणको काममा आवश्यकता अनुसार सार्वजनिक निजी साझेदारीको नीति अवलम्बन गरिनेछ।

६९. वितरणमुखी योजना छनौटको अभ्यासलाई निरुत्साहित गर्न परियोजना बैंकको रुपमा रहेको एकिकृत नगर विकास गुरुयोजनाको माध्यमबाट योजना छनौट गर्ने नीतिलाई निरन्तरता दिईनेछ।

७०. नगरपालिका क्षेत्रमा सञ्चालन गरिने पूर्वाधार वा सामाजिक विकाससँग सम्बन्धित कुनै पनि कार्यक्रम वा योजना कार्यान्वयन गर्दा सामाजिक तथा वातावरणीय सन्तुलन, प्रकोप व्यवस्थापनका पक्ष समेतलाई ध्यानमा राखी आयोजनाहरुको निर्माण गर्ने नीति अवलम्बन गरिनेछ।

७१. भौतिक पूर्वाधार तथा संरचनाको गुणस्तर सुनिश्चितताको लागि सुपरीवेक्षण तथा अनुगमन प्रणालीलाई प्रभावकारी बनाइनेछ।

७२. यस नगरसँग सीमा जोडिएका गाउँपालिका र नगरपालिकासँगको समन्वयमा विकास लगायत विभिन्न सवालमा रणनीतिक साझेदारी कायम गर्दै यस नगरलाई मध्य पहाडी क्षेत्रको आकर्षक शहरको रुपमा विकास गरिनेछ। नगरपालिकाभित्र जग्गा एकिकरण गरी व्यवस्थित सहरी बस्ती विकास गर्ने नीतिलाई निरन्तरता दिइनेछ।

७३. भूकम्पपीडितहरुको निजी आवास पुनर्निर्माणमा नक्सा पासको लागि नगरबाट प्रदान गरिदै आएको छुट सुविधालाई निरन्तरता दिइनेछ।

७४. नगरका सुख्खा जमिनमा सिंचाइ सुविधा उपलव्ध गराउन सिंचाइ पूर्वाधार निर्माणमा जोड दिइनेछ।

**आदरणीय उपप्रमुखज्यू एवं नगर सभाका सदस्यज्यूहरु,**

७५. ६० वर्ष उमेर पुरा गरेका नगर भित्रका अविवाहित एकल महिला तथा पुरुषहरुलाई मासिक रु. १०००/- सामाजिक सुरक्षा भत्ता उपलब्ध गराउने नीति लिइनेछ।

७६. नगरभित्र रहेका सामाजिक भेदभाव, छुवाछुत, सामाजिक कुरिती, अन्धविश्वास, लैङ्गिक तथा जातीय विभेद र हिंसाका घटनाहरु न्यूनिकरणको बहस, पैरवी तथा चेतनामुलक अभियान सम्बन्धी कार्यक्रम नगर तथा वडास्तरमा समेत संचालन गरिनेछ।

७७. नगरलाई बालमैत्री नगर घोषणाका लागि आवश्यक पूर्वतयारीका कार्यक्रमहरु संचालन गरिनेछ । बालविवाह र बहुविवाहलाई निरुत्साहित गर्न विभिन्न किसिमका अभियान एवम् चेतनामुलक कार्यक्रम संचालन गरिनेछ ।

७८. नगरपालिका भित्र जन्मिएका बच्चाहरुको जन्मदर्ता बालस्वास्थ्य खोप कार्डको आधारमा गरिनेछ र प्रत्येक बालबालिकाको पहिचानलाई सुनिश्चित गर्दै जन्मदर्ता अभिलेखको आधारमा प्रारम्भिक बालविकास केन्द्र र विद्यालयमा भर्ना गर्ने नीतिलाई अवलम्बन गरिनेछ ।

७९. नगरपालिका भित्रका बालबालिकाहरुको क्षमता अभिवृद्धि गर्नको लागि सम्बद्ध सामुदायिक रेडियो तथा पत्रकार महासंघसंग समन्वय गरी बाल पत्रकारिता तालिम सञ्चालन गरिनेछ ।

८०. **"महिला विदेशी कामदार मात्र होइनन स्वदेशी उद्यमी पनि हुन"** भन्ने मुल नाराका साथ वैदेशिक रोजगारमा जाने वा वैदेशिक रोजगारबाट फर्किएका महिलाहरुको लागि स्वरोजगार सृजना गर्ने खालका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

८१. किशोरीहरुलाई प्रजनन शिक्षाको बारेमा अभिमुखिकरण कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

८२. बाल विवाहको रोकथाम तथा अन्त्यका लागि बालिका लक्षित शैक्षिक सहायता,बिमा,बचत कार्यक्रम जस्ता कार्यक्रम लागु गर्ने र सचेतनामुलक अभियान सञ्चालन गरिनेछ ।

८३. नगरपालिका भित्रका महिला उद्यमीहरुलाई प्रोत्साहन गर्ने उद्देश्यले उद्यमी मेला सञ्चालन गरिनेछ ।

८४. कोभिड–१९ बाट प्रभावित तथा आर्थिक तथा सामाजिक रुपले पछि परेका महिला, बालबालिका, दलित, अपाङ्गता भएका व्यक्ति, एकल महिला, ज्येष्ठ नागरिक, अल्पसंख्यक एवं सिमान्तकृत समुदायका व्यक्तिहरुको लागि विशेष कार्यक्रम संचालन गरिनेछ ।

८५. सुत्केरीलाई दिदै आएको पोषण भत्ता एवम् नगरपालिका भित्रका वर्थिङ सेन्टरमा प्रसुती सेवाका लागि आउने यस नगरपालिकाका महिलाहरुका लागि दिदै आएको एकतर्फी एम्बुलेन्स सेवालाई निरन्तरता दिइनेछ ।

८६. मानव बेचबिखनको रोकथाम तथा नियन्त्रणका लागि आवश्यक कार्यक्रमहरु संचालन गरिनेछ । मानव बेचविखनबाट प्रभावितगम्भीर प्रकृतिका हिंसामा परेका महिला तथा किशोरीहरु एवम् एचआइभिएड्सबाट संक्रमितहरुको उद्धार पुर्नस्थापना मनोपरामर्श तथा जीविकोपार्जनको लागि सहयोग गर्नका लागि नगरपालिका तथा अन्य सरकारी तथा गैर सरकारी संघसंस्थाको सहकार्यमा संरक्षण केन्द्र स्थापना, संचालन तथा आवश्यककार्यक्रम कार्यान्वयनका लागि प्रक्रिया अगाडि बढाइनेछ ।

८७. दलित समुदायको आर्थिक सशक्तिकरणका लागि परम्परागत सीप तथा कलाको आधुनिकीकरण तथा व्यवसायीकरण एवम् सीप विकास मार्फत स्वरोजगारीका लागि आवश्यक कार्यक्रम संचालन गरिनेछ ।

८८. नगर क्षेत्रभित्र अनाथ बालबालिका, शारीरिक अपाङ्गता, बौद्धिक अपाङ्गता, मानसिक सन्तुलन गुमाएका तथा वृद्धवृद्धाको उचित व्यवस्थापन तथा स्याहारका लागि आवश्यक सेवा केन्द्र सञ्चालन गर्ने संघ सस्थासंग समन्वय तथा सहयोग गर्ने नीतिलाई निरन्तरता दिईनेछ ।

८९. नगरस्तरमा बालबालिका, महिला, एकल महिला, अपाङ्ग, जेष्ठ नागरिक लगायतको संञ्जाललाई क्रियाशिल बनाइनेछ र उक्त सञ्जालहरुसँग समन्वय गरी लक्षित वर्गको कार्यक्रम तर्जुमा गर्ने व्यवस्था मिलाइनेछ।

९०. अपाङ्गता भएका व्यक्तिहरुको तथ्यांक अद्यावधिक गरी अपाङ्ग सहायक सामाग्री वितरण गरिनेछ। साथै उनीहरुको जीविकोपार्जनमा सहयोग पुर्याउने गरी सञ्चालन गरिदै आएको अपाङ्ग सीप विकास तालिम र बिउ पूँजि वितरण गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

९१. स्थानीय,राष्ट्रिय तथा अन्तराष्ट्रिय सामुदायिक एवं गैरसकारी संस्थाहरुलाई जवाफदेही र मर्यादित बनाउदै पारदर्शी र व्यवस्थित बनाउन सम्पुर्ण बजेट प्रणालीलाई एकद्धार प्रणालीमा आवद्ध गरी परिचालन गर्ने व्यवस्था मिलाइनेछ।

९२. नगरपालिकाका सबै वडाको सामाजिक सुरक्षा भत्ता बैंकिङ्ग प्रणालीबाट भुक्तानी गर्ने नीतिलाई निरन्तरता दिइनेछ।

९३. जेष्ठ नागरिकहरुको स्वास्थ्यलाई मध्यनजर गरी जेष्ठ नागरिक स्वास्थ्य शिविर सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ।

९४. ८० वर्ष माथिका ज्येष्ठ नागरिकहरुलाई अभिनन्दन तथा सम्मान गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ। नगरपालिका भित्रका विद्यावारिधि गर्ने महिलाहरुलाई सम्मान गरिनेछ।

**आदरणीय उपप्रमुखज्यू एवं नगर सभाका सदस्यज्यूहरु,**

९५. राज्यको चौथो अंगको रुपमा रहेको सञ्चार जगतलाई साझेदारी अवधारणा अनुसार सहयोग गर्ने नीतिलाई निरन्तरता दिइनेछ।

९६. पत्रकारिता क्षेत्रको प्रर्वद्धन एवम् विकासका लागि नेपाल पत्रकार महासंघ, सामुदायिक रेडियो र संचार सम्बद्ध निकायहरुसँग समन्वय गरी संचारमैत्री कार्यक्रम सञ्चालन गर्ने नीति लिइनेछ।

**आदरणीय उपप्रमुखज्यू एवं नगर सभाका सदस्यज्यूहरु,**

९७. **"म लिन्छु मैले रोपेको विरुवाबाट अक्सिजन"** भन्ने अभियान चलाई नगर क्षेत्रभित्र रहेको सार्वजनिक, खाली र पाखो जग्गामा वृक्षारोपण तथा वन व्यवस्थापन गरी हरित क्षेत्रको प्रवर्द्धन गर्ने नीतिलाई निरन्तरता दिइनेछ।

९८. निजी क्षेत्रबाट विरुवा उत्पादन गरी वन विकास गर्ने कार्यक्रमलाई प्रोत्साहन गरिनेछ। नगर क्षेत्रमा पाइने जडिबुटी प्रजातिको संरक्षण र प्रवर्द्धन गरिनेछ।

९९. विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना, जोखिम न्यूनीकरण कार्ययोजना तयार गरी लागू गरिनेछ। विपद व्यवस्थापनमा संघ, प्रदेश र स्थानीय समुदाय, संघसंस्था, निजी क्षेत्रसँग सहयोग, समन्वय र सहकार्य गर्ने कार्यलाई निरन्तरता दिईनेछ। विपद व्यवस्थापन कोषलाई निरन्तरता दिई बजेट व्यवस्था गरिनेछ।

१००. नगरका पूर्वाधार निर्माण गर्दा वातावरण मैत्री तथा विपद न्यूनीकरण हुने गरी पूर्वाधार निर्माणमा जोड दिइनेछ।

१०१. नगर क्षेत्रको फोहोरमैला संकलन तथा व्यवस्थापनलाई व्यवस्थित गरिनेछ।

१०२. वातावरण ऐन र नियमावलीले निर्दिष्ट गरेका योजनाहरुको प्रारम्भिक वातावरणीय परीक्षण तथा वातावरणीय प्रभाव मूल्याङ्कन गर्ने कार्यलाई प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ।

१०३. सुरक्षा निकायसँगको सहकार्यमा उद्धार र राहत सामाग्रीको भण्डारणको व्यवस्था गर्दै विपद व्यवस्थापनको पाटोलाई व्यवस्थित गरी क्षती न्यूनीकरण गर्ने नीतिलाई निरन्तरता दिइनेछ।

१०४. विश्व तापमानबाट भएको वृद्धिबाट सिर्जित जलवायु परिवर्तनका नकारात्मक असरहरुलाई न्यून गर्न स्थानीय तहमा जलवायु अनुकूलनका कार्यक्रमहरु संचालन गरिनेछ।

१०५. स्थानीय विपद् व्यवस्थापनमा संलग्न पदाधिकारी, कर्मचारी, स्वयंसेवक तथा समुदायको विपद् व्यवस्थापनको क्षेत्रमा क्षमता विकासका कार्यक्रमहरु संचालन गरी विपद् व्यवस्थापनमा प्रयोग गरिनेछ।

**आदरणीय उपप्रमुखज्यू एवं नगर सभाका सदस्यज्यूहरु,**

१०६. नगरपालिकाको संस्थागत क्षमता अभिबृद्धि गर्दै कार्य प्रभावकारीता बढाउन आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ।

१०७. नगरपालिकाबाट सम्पादन हुने कार्यहरुलाई व्यवस्थित बनाउदै कानूनी आधार प्रदान गर्न आवश्यक पर्ने कानूनहरु तर्जुमा तथा मौजूदा कानूनहरुको समसामयिक रुपमा परिमार्जन गरी नगरपालिका वा अन्तर्गतका निकायहरुमा विद्युतीय माध्यमका विभिन्न सफ्टवेयर जडान गर्ने कार्यलाइ निरन्तरता दिदै कार्यालयबाट प्रदान गरिने सेवालाई पारदर्शी एवं सुशासन मैत्री बनाइनेछ।

१०८. नगरपालिकाको आम्दानी एवम् खर्च लगायत सार्वजनिक महत्वका प्रत्येक विषयहरुलाई विद्युतीय तथा छापा संचारको माध्यमबाट सार्वजनिकीकरण गर्ने कार्यलाई निरन्तरता दिनुका साथै विकास निर्माण कार्यमा पारदर्शिता कायम गर्न योजनास्थलमा नै सार्वजनिक सुनुवाई, समिक्षा र सामाजिक परीक्षण गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

१०९. नगरसभाबाट स्वीकृत भएको मेलम्ची नगरपालिकाको संगठन संरचना बमोजिम नगरपालिकामा कार्यरत कर्मचारीहरुलाई व्यवस्थापन गरी जिम्मेवारी प्रदान गर्ने व्यवस्था मिलाइनेछ।

११०. नगरपालिकाको कार्यसम्पादन तथा सेवा प्रवाहलाई प्रभावकारी बनाउन स्थानीय कर्मचारी नियमावली र कर्मचारी कल्याण कोष नियमावली तयार गरी लागु गरिनेछ।

१११. नगरपालिकाले भ्रष्टाचारमा शून्य सहनशीलताको नीति अवलम्बन गरी विकास निर्माण तथा सेवा प्रवाह गर्ने व्यवस्था मिलाइनेछ।

११२. नगरपालिकाको विकास र कार्यसम्पादन मूल्याङ्कनको सूचाङ्क तयार गरी सूचाङ्कको आधारमा उत्कृष्ट कर्मचारी, शाखा, वडा तथा स्वास्थ्य संस्थालाई प्रोत्साहन गर्ने नीतिलाई निरन्तरता दिइनेछ।

११३. नगरपालिकाभित्र गठन भएका टोल विकास संस्था तथा बजार व्यवस्थापन समितिको क्षमता अभिवृद्धि गरी विकास निर्माणका कार्यहरुमा परिचालन गरिनेछ ।

११४. नगरवासी तथा सरोकारवालाहरुलाई सहज र सरल ढंगबाट सेवा तथा सूचना प्राप्त गर्नको लागि हेल्प डेस्क स्थापना गरिनेछ ।

११५. कर्मचारीलाई उपलब्ध गराउदै आएको प्रोत्साहन भत्तालाई कोभिड –१९ को कारण नगरको आन्तरिक आय श्रोतमा पर्ने प्रभावका आधारमा व्यवस्थापन गरिनेछ ।

**आदरणीय उपप्रमुखज्यू एवं नगर सभाका सदस्यज्यूहरु,**

११६. नगरको समग्र शैक्षिक गुणस्तर अभिवृद्धि गर्न नगर प्रमुख शैक्षिक गुणस्तर अभिवृद्धि कार्यक्रम संचालन गरी कक्षा कोठा व्यवस्थापन तथा शिक्षण सिकाइ अभिवृद्धि कार्यक्रम सञ्चालन गरिनेछ ।

११७. आधारभूत तह सम्मको अध्ययन पूरा गरी विद्यालय छोडेका १६ वर्ष भन्दा माथिका इच्छुक बालबालिकालाई रोजगारमूलक व्यवसायिक तालिमको व्यवस्था मिलाइनेछ ।

११८. काठमाण्डौं विश्वविद्यालयसंगको सहकार्यमा गणित, अंग्रेजी र विज्ञान विषयका शिक्षकहरुको क्षमता विकासका लागि मागमा आधारित तालिमको व्यवस्था मिलाइनेछ ।

११९. नगरका प्रत्येक वडामा संचालित सबै अगुवा माध्यमिक विद्यालयहरुले सोही वडामा संचालित अन्य आधार विद्यालयहरुको शैक्षिक गुणस्तर सुधारको समेत जिम्मेवारी बहन गर्ने व्यवस्था मिलाइनेछ ।

१२०. सामुदायिक विद्यालयको गुणस्तर अभिवृद्धि गर्न शैक्षिक नतिजाका आधारमा प्रोत्साहन अनुदान दिने व्यवस्था मिलाइनेछ ।

१२१. एक विद्यालय, एक बाल विकास केन्द्रको अवधारणालाई पूर्णरुपमा कार्यान्वयनमा ल्याइनेछ । बाल विकास केन्द्रको सुदृढिकरणका लागि बालमैत्री कक्षाकोठा व्यवस्थापन गरिनेछ । बाल बिकास केन्द्रका सहजकर्ताको क्षमता विकास गर्न विभिन्न किसिमका तालिमहरुको व्यवस्था गरिनेछ ।

१२२. विद्यार्थी तथा शिक्षक संख्या न्युन भएका आधारभूत तह (कक्षा १ देखि ५) संचालित विद्यालयहरुमा जर्मन नेपाल सहयोग संघसंगको सहकार्यमा बहुकक्षा बहुस्तर कार्यक्रमलाई निरन्तरता दिदै नगरपालिकाको आर्थिक सहयोगमा नगरका अन्य विद्यालयहरुमा समेत विस्तार गरिनेछ ।

१२३. नगरको स्थानीय परिवेश र आवश्यकतालाई मध्यनजर गरी विद्यालयस्तरमा स्थानीय पाठ्यक्रम निर्माणको कार्यलाई निरन्तरता दिइनेछ ।

१२४. कोभिड–१९ को कारण पठनपाठनमा सिर्जना भएको अवरोधलाई दृष्टिगत गरी वैकल्पिक माध्यमबाट विद्यार्थीहरुलाई सहजिकरण गर्ने व्यवस्था मिलाइनेछ । नेपाल दुरसंचार प्राधिकरणसंगको सहकार्यमा सम्पुर्ण सामुदायिक आधारभूत विद्यालयहरुमा इन्टरनेट जडान गरी वैकल्पिक माध्यमबाट शिक्षाको पहुँच बृद्धिमा जोड दिइनेछ ।

१२५. सामुदायिक विद्यालयहरुमा कार्यरत बालिवकास सहजकर्ता, विद्यालय सहायक तथा विद्यालय सहयोगीहरुको मनोवल उच्च बनाई आफ्नो जिम्मेवारी वहनमा दृढतापूर्वक लाग्नका लागि प्रेरित गर्न

नगरपालिकाको आन्तरिक श्रोतको अवस्थालाई मध्यनजर गरी थप पारिश्रमिक भुक्तानी गर्ने नीतिलाई निरन्तरता दिइनेछ

१२६. विद्यालय शिक्षामा प्रविधिमैत्री युवा जनशक्तिको पँहुचमा बृद्धि गर्नका लागि ५० वर्ष उमेर पुरा भएका शिक्षकहरु विस्थापनका लागि गोल्डेन ह्याण्डसेकमार्फत स्वेच्छिक अवकास कार्यक्रमलाई निरन्तरता दिइनेछ।

१२७. नगरमा क्रियाशिलयुवा क्लवहरुलाई विभिन्न स्थानमा हुने खेलकुद प्रतियोगितामा सहभागी हुनको लागि प्रोत्साहित गरिनेछ।

१२८. माध्यमिक तहका विद्यार्थीलाई नियमित पठनपाठनको अलावा नेपाल स्काउट, जुनियर रेडक्रस सर्कल, खेलकुद, संगीत लगायत अन्य सामाजिक कार्यमा सहभागी हुन प्रोत्साहित गरिनेछ।

**आदरणीय उपप्रमुखज्यू एवं नगर सभाका सदस्यज्यूहरु,**

१२९. विश्वव्यापी रुपमा फैलिएको कोरोना भाइरस (कोभिड–१९) को रोकथाम तथा नियन्त्रण गर्नको लागि संघ, प्रदेश, तथा अन्य सरोकारवाला निकायहरुसंग आवश्यक सहयोग र समन्वय कायम गरिनेछ।

१३०. कोभिड–१९ को महामारीबाट संक्रमितको संख्या दिन प्रतिदिन बढ्दै गएको सन्दर्भमा थप संक्रमण रोकथाम तथा नियन्त्रणको लागि संचालनमा रहेका आइसोलेसन होमहरुलाई अझ प्रभावकारी र व्यवस्थित बनाउँदै लगिनेछ।

१३१. न्यूनतम सेवा मापदण्ड र चेक लिष्टको आधारमा स्वास्थ्य संस्थाहरुको सेवा गुणस्तर अंक गणना गरिनेछ र सोको आधारमा स्वास्थ्य संस्थाहरुको सेवा गुणस्तर बर्गीकरण गरिनेछ। सेवा गुणस्तरअंक कम भएका स्वास्थ्य संस्थाहरुको प्राथमिकताको आधारमा सेवा गुणस्तर सुधार गरिनेछ।

१३२. उत्कृष्ट स्वास्थ्य संस्था र उत्कृष्ट कर्मचारी छनौट गरी पुरस्कृत गर्ने नीतिलाई निरन्तरता दिइनेछ।

१३३. नगर क्षेत्रभित्रका बस्तीहरुबाट नगरका बर्थिङ्ग सेन्टरमा सुत्केरी गराउन आउने महिलालाई प्रोत्साहन स्वरुप एम्बुलेन्स सेवा उपलब्ध गराउने नीतिलाई निरन्तरता दिईनेछ। साथै आमा सुरक्षा कार्यक्रमलाई निरन्तरता दिंदै नगरभित्रका बर्थिङ सेन्टर तथा सूचिकृत स्वास्थ्य संस्थाहरुमा सुत्केरी गराउने नगरपालिका भित्रका सुत्केरी आमाहरुलाई तीन महिनासम्म मासिक रु. एक हजारका दरले पोषण भत्ता उपलब्ध गराइने नीतिलाई निरन्तरता दिइनेछ। नगरपालिकाका बर्थिङ सेन्टर तथा स्वास्थ्य केन्द्रहरुको आवश्यकताको आधारमा स्तरवृद्धि गर्दै लगिनेछ।

१३४. नगरपालिका क्षेत्र भित्र रहेका प्राथमिक स्वास्थ्य केन्द्र तथा स्वास्थ्य चौकीहरुमा आधारभूत औषधि तथा स्वास्थ्य उपचारका लागि उपकरणहरुको व्यवस्था मिलाई नगरवासीको स्वास्थ्य सुरक्षा कायम गर्न समुचित व्यवस्था मिलाइनेछ।

१३५. प्रशुती पुरुष समूह गठन मार्फत गर्भवती तथा सुत्केरी महिलाको प्रोटोकल अनुसारको जाँच र हेरचाह गर्ने कार्यलाई निरन्तरता दिईनेछ।

१३६. पूर्ण खोप सुनिश्चितता कार्यक्रमलाई निरन्तरता दिइनेछ।

१३७. महिलाहरुको प्रजमन् स्वास्थ्य पाठेघर खस्ने समस्याको समाधान गर्दै जाने तथा पाठेघरको मुखको क्यान्सरको परीक्षणको VIA जाँच तथा स्तन र अन्य क्यान्सरको लागि परीक्षण र चेतनामुलक कार्यक्रम तथा शिविर संचालन गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

१३८. नगरपालिकाका विभिन्न क्षेत्रमा आयुर्वेद, पञ्चकर्म, योग र प्राकृतिक चिकित्सा लगायतका विशिष्टिकृत सेवा उपलब्ध गराउने व्यवस्था गरिनेछ।

१३९. नेपाल सरकारले तोकेका गम्भिर प्रकृतिका रोगबाट पीडित नगरवासीको औषधि उपचारको लागि सिफारिस तथा सहयोग गर्ने नीतिलाई निरन्तरता दिइनेछ।

१४०. नगरपालिका क्षेत्रभित्र संचालनमा रहेका निजी स्वास्थ्य संस्थाहरुको नियमित अनुगमन तथा नियमन गर्ने व्यवस्था मिलाइनेछ।

१४१. नगरपालिका अन्तर्गतका बर्थिङ सेन्टर र पोष्टमार्टम कार्यमा संलग्न कर्मचारीहरुलाई कार्यसम्पादनको आधारमा प्रोत्साहन गर्ने नीतिलाई निरन्तरता दिइनेछ।

१४२. महिला स्वास्थ्य स्वयंसेविकालाई कार्यसम्पादनको आधारमा प्रोत्साहन गर्ने व्यवस्था मिलाइनेछ।

१४३. स्वास्थ्य संस्था निर्माण गर्न बाँकी रहेका वडाहरुमा स्वास्थ्य संस्था निर्माणको लागि आवश्यक पहल गरिनेछ।

१४४. मे.न.पा -१ मा शहरी स्वास्थ्य क्लिनिक स्थापना गरी संचालन गरिने छ।

१४५. खोप र गाउँघर क्लिनिक सेवा खुला आकाशमुनी संचालन भएकोमा त्यस्ता कार्क्रमहरु आफ्नै भवनबाट संचालन गर्ने व्यवस्था मिलाइनेछ।

१४६. कभिड–१९ संक्रमण रोकथाम, नियन्त्रणर उपचारलाई मध्यनजर गर्दै नगरपालिका भित्र अक्सिजन प्लान्ट निर्माण गरिनेछ।

१४७. कोभिड संक्रमण रोकथाम, नियन्त्रण तथा विपद् न्यूनिकरणका लागि शब बहानको व्यवस्था गरिनेछ।

१४८. नगरपालिका भित्रका महिला स्वास्थ्य स्वयंसेवीकाहरुको निशुल्क स्वास्थ्य बिमा गरिनेछ।

१४९. नगरपालिका भित्रका स्वास्थ्य बिमा गरेका नागरिकहरुको स्वास्थ्य परिक्षण र नियमानुसारको औषधि उपचार खर्च प्रदान गर्ने व्यवस्थामा सहजिकरण गरिनेछ।

**आदरणीय उपप्रमुखज्यू एवं नगर सभाका सदस्यज्यूहरु,**

१५०. न्यायिक समितिले गर्ने न्याय सम्पादनको कार्यलाई व्यवस्थित बनाउन सचेतनामुलक कार्यक्रमहरु संचालन गर्नुका साथै कानूनी सल्लाहकारको प्रभावकारी परिचालन गरिनेछ।

१५१. न्यायिक निरुपणमा शिघ्रता, सरलता, मितव्ययिता जस्ता आदर्श मान्यताको अवाधारणामा जोड दिइनेछ।

१५२. न्यायिक समितिमा हुने न्याय सम्पादनलाई प्रक्रियामुखी भन्दा परिणाममुखी बनाइनुका साथै मेलमिलाप तथा मध्यस्थताबाट न्याय निरुपण गर्न अधिकतम प्रयत्न गरिनेछ।

१५३. न्यायिक निरुपणमा संलग्न वडा तथा नगरस्तरका मेलमिलापकर्ताहरुको आवश्यकता अनुसार गठन पुर्नगठन गरी जनप्रतिनिधि, कर्मचारी र मेलमिलापकर्ताको सबलिकरणको लागि अन्तरक्रिया, प्रशिक्षण जस्ता कार्यक्रमहरु संचालन गरी जनस्तरमा न्यायिक सचेतनाको कार्यक्रम संचालन गरिनेछ।

र, अन्त्यमा मेलम्ची बाढीबाट क्षतिग्रस्त संरचना पुनर्निर्माण गर्न संघीय सरकार तथा प्रदेश सरकारलाई विशेष ध्यानाकर्षण गराउदैं उक्त कार्यमा एकीकृत भई सहयोग पुर्याउनुहुन म सम्पूर्ण क्रियाशिल राजनैतिक दल जनप्रतिनिधि, नागरिक समाज, बुद्धिजिवी, भद्रभलादमी, समाजसेवी, उद्योगपती लगायत सम्पूर्ण नगरवासीहरुमा हार्दिक अनुरोध गर्दछु।

धन्यवाद।